नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग

फोन नं.: ४५३४११९
४५११५३७
४५१९५०१
४५३९३६२
फ्याक्स: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानो गौचरण, काठमाडौं.

पत्र संख्या :- ०८२।८३
चलानी नं.:- ३८६

नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय विद्युत विकास विभाग २०५०

मिति: २०८२/०५/१९

विषयः विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्वन्धमा ।

श्री अरुण कुमार के.सि.,
बुढानिलकन्ठ,काठमाडौं, नेपाल।
फोन नः ९८५११७१५८२।

प्रस्तुत विषयमा तहाँबाट प्रस्तावित जगदुल्ला फोक्शुण्डो जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्वन्धमा पेश भएको दरखास्त माथि कारबाही हुँदा पेश भएका कागजात/विवरणहरु अध्ययन गर्दा निम्न विवरणहरु पेश हुन बाँकी देखिएको उल्लिखित समयावधि भित्र पेश गर्न हुन यस विभागको मिति २०८२/०५/१८ गतेको निर्णयानुसार जानकारी गराइन्छ।

१. प्रस्तावित क्षेत्र **<u>शे-फोक्सुण्डो राष्ट्रिय निकुन्जमा</u>** पर्ने देखिएको हुनाले देखिएकोले विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (पाँचौ संसोधन) को दफा १२(५) बमोजिम वन तथा वातावरण मन्त्रालयको सहमति **<u>छ महिना</u>** भित्र पेश गर्न र सो अवधि भित्रै सहमतिपत्र पेश नभएमा सोही दफा बमोजिम दरखास्त रद्द हुने पत्राचार हुन मनासिव देखि निर्णायार्थ पेश गरेको छु।

२. साथै प्राप्त कागजात/विवरणहरु अध्ययन गर्दा निम्न विवरणहरु पेश हुन बाँकी देखिएकोले विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (पाँचौ संसोधन) को दफा १० को उपदफा (३) को व्यवस्था बमोजिम निम्न विवरणहरू पैतिस (३५) दिनको समयावधि भित्र पेश गर्न भनि पत्राचार हुन मनासिव देखि निर्णायार्थ पेश गरेको छु।

- प्रवर्द्धकको तर्फबाट सम्पर्क वा पत्राचार गर्न तोकिएको आधिकारिक/अख्तियारी प्राप्त व्यक्ति, पत्राचार गर्ने स्पष्ट ठेगाना सम्बन्धमा संचालक समितिको बैठकको निर्णयको प्रमाणित प्रति र अख्तियारी प्राप्त व्यक्तिको प्रमाणित परिचय पत्रको नोटराइज प्रति एवं सम्पर्क नं.,
- Desk Study Report (प्रत्येक पानामा दुवै परामर्शदाताको छाप र आधिकारिक व्यक्तिको दस्तखत एवं प्रवर्द्धकको दस्तखत सहितको),
- आयोजनाको प्रमुख संरचना सहित अक्षांश देशान्तर नक्शांकन भएको सक्कल स्थलरूप (टोपो) नक्शा,
- विभागबाट तोकिएको ढांचामा प्रवर्द्धकको UDIN no समेत खुलेको नेट वर्थ प्रमाण र सो लाई पुष्टि हुने कागजात/विवरणहरू,
- नेट वर्थ तयार गर्ने सि.ए संस्थाहरुको आ.व.२०८०/८१ को कर चुक्ता प्रमाण पत्र, दर्ता सम्वन्धी कागजात तथा नवीकरण भएको निस्साको नोटराइज गरिएको प्रतिलिपि,
- परामर्श दातृ संस्था दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, कम्पनीको प्रबन्धपत्र, नियमावली तथा आ.व. २०८०/८१ को कर चुक्ता प्रमाणपत्रको नोटराइज प्रतिलिपि,
- परामर्श दातृ संस्था सँग भएको सम्झौता पत्रको सक्कल वा नोटराइज प्रतिलिपि (प्रत्येक पानामा दुवै परामर्शदाता र प्रवर्द्धकसंस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत सहितको)।

(सुजन निरौला)
इन्जिनियर
२०८२/०५/१९